बैठक संख्याः-

आज मिति २०८३ असार ०३ गते बुधबारका दिन ध्याङलेख गाउँकार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री शंकरमान घलान | उपाध्यक्ष | |
| ३ | श्री सोम बहादुर भोलन | सदस्य | |
| ४ | श्री रोशन कुमार भोलन | सदस्य | |
| ५ | श्री निश्चल सुनुवार | सदस्य | |
| ६ | श्री अमृत वाईबा | सदस्य | |
| ७ | श्री ज्ञान बहादुर सिजाली मगर | सदस्य | |
| ८ | श्री गंगा माया कामी | सदस्य | |
| ९ | श्री सान्नानी नेपाली | सदस्य | सान्नानी |
| १० | श्री साल माया लो | सदस्य | साल |
| ११ | श्री रमा कुमारी र्‍याङ्मी | सदस्य | रमा |
| १२ | श्री निम बहादुर थामी | सदस्य | |
| १३ | श्री मिठु कुमारी विश्वकर्मा | सदस्य | मिठु |
| १४ | श्री दाताराम प्याकुरेल | सचिव | |

अन्य उपस्थिती

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुधन थिङ | अधिकृत छैटौं | |

**घ्याङ्लेख गाउँपालिका**

**ཀྱང་ལེབ་ གཞུང་པ་ལི་ཀ།**

**गाउँ कार्यपालिकाको बैठक**

**मिति २०८३ असार ०३ गते बुधबार**

**बैठकका प्रस्ताव तथा निर्णयहरु**

**समयः बिहान [illegible] बजे**

घ्याङलेख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हायुटार, सिन्धुली बागमति प्रदेश, नेपाल २०७३

**बैठकका प्रस्तावहरुः-**

१. अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।
२. जेठ महिनासम्मको आम्दानी र खर्च अनुमोदन सम्बन्धमा।
३. बजेट निर्माणको प्रारम्भिक छलफल सम्बन्धमा।
४. विभिन्न प्रतिवेदनहरु स्वीकृत गर्ने सम्बन्धमा।
५. गाउँ सभा अधिवेशन आह्वान सम्बन्धमा।
६. जनजागृति मा.वि. गोपे (घ्याङलेख-४)मा कक्षा ११ अपग्रेडको अनुमति सम्बन्धमा।
७. आर्थिक सहयोग सम्बन्धमा।
८. विविध सम्बन्धमा।

| प्रस्ताव नं. | निर्णयहरु |
|---|---|
| १ | यस अघि भए गरेका निर्णयहरुको समीक्षा गर्नुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने निर्णय गरियो । |
| २ | यस घ्याङलेख गाउँपालिकाको कार्यालयमा आ.व. २०८२।०८३ को जेठ महिनामा भएको आम्दानी र खर्च देहाय बमोजिम रहेकोले सोही बमोजिम अनुमोदन गर्ने निर्णय गरियो। |

**देहायः**

**आ.व.: २०८२/८३ महिना : जेठ**

| क्र.सं. | खर्च शीर्षक | अन्तिम बजेट | जेठ महिनासम्मको आम्दानी | जेठ महिनाको खर्च |
|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | १४,०४,१३,८०४.०० | ११,१३,१३,८७९.०६ | १,१४,९७,३७३.८० |
| २ | पोशाक | १३,३०,०००.०० | ९,५०,०००.०० | ० |
| ३ | खाद्यान्न | ६०,०१,०००.०० | ३९,९३,९७०.०० | ० |
| ४ | औषधीउपचार खर्च | २,८४,०००.०० | ० | ० |
| ५ | महंगी भत्ता | २१,००,०००.०० | १५,२०,०००.०० | २,८०,०००.०० |
| ६ | फिल्ड भत्ता | १२,००,०००.०० | ८,४०,०००.०० | १,०२,०००.०० |
| ७ | कर्मचारीको बैठक भत्ता | ७,१३,०००.०० | १,५१,१२०.०० | ११,०२०.०० |
| ८ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १४,३०,०००.०० | ५,८०,६७३.०० | ० |
| ९ | अन्य भत्ता | ५१,६०,०००.०० | १८,९२,८००.०० | ३,४७,८५०.०० |
| १० | पदाधिकारी बैठक भत्ता | ५,००,०००.०० | ० | ० |
| ११ | पदाधिकारीअन्य सुबिधा | ४७,००,०००.०० | ३८,४४,५६०.०० | १,९४,५००.०० |
| १२ | कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ५,००,०००.०० | ० | ० |
| १३ | कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | ४,००,०००.०० | ४९,६००.०० | ८,८००.०० |
| १४ | कर्मचारी कल्याण कोष | १५,००,०००.०० | १५,००,०००.०० | ० |
| १५ | अन्य सामाजिक सुरक्षा खर्च | १९,९३,०००.०० | २,०५,५७७.०० | ० |
| १६ | पानी तथा बिजुली | ७,७५,०००.०० | २,९९,३४१.०० | ३६,१८८.०० |
| १७ | संचार महसुल | १४,००,०००.०० | ६,८१,६७९.०३ | ७५,०६४.०३ |
| १८ | इन्धन (पदाधिकारी) | ८,००,०००.०० | ५,०३,०१८.०० | ० |
| १९ | इन्धन (कार्यालय प्रयोजन) | ४४,००,०००.०० | ३१,८५,९८३.०० | ४,८६,७३४.०० |
| २० | सवारी साधन मर्मत खर्च | ५०,५०,०००.०० | ३८,८७,५९०.०० | ३,३७,५८९.०० |
| २१ | बिमा तथा नवीकरण खर्च | १२,००,०००.०० | २,३९,३७९.०० | २,०१,७७४.०० |

| | | | | |
|---|---|---|---|---|
| २२ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १९,५०,०००.०० | ६,५९,१३९.०० | ० |
| २३ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १२,००,०००.०० | ७,९०,८९१.०० | ५,२५०.०० |
| २४ | मसलन्द तथा कार्यालय सामाग्री | ५१,४५,०००.०० | २०,३३,३६६.०० | ५,४७,६९९.०० |
| २५ | पुस्तक तथा सामग्री खर्च | २५,३५,०००.०० | १४,५६,१८१.०० | ० |
| २६ | इन्धन - अन्य प्रयोजन | ४,००,०००.०० | ० | ० |
| २७ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १०,००,०००.०० | ३,९७,९५०.०० | ४,०००.०० |
| २८ | अन्य कार्यालय संचालन खर्च | १४,५०,०००.०० | ४,५१,४७५.०० | १,५१,४७५.०० |
| २९ | सेवा र परामर्श खर्च | १७,००,०००.०० | ० | ० |
| ३० | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ३६,६०,०००.०० | १२,८४,५६२.०० | ० |
| ३१ | करार सेवा शुल्क | २,६०,२२,०९०.०० | १,९१,४१,१००.५० | १७,०९,७६१.०० |
| ३२ | सरसफाईसेवा शुल्क | २,००,०००.०० | ० | ० |
| ३३ | कर्मचारी तालिम खर्च | ९,५०,०००.०० | ३,९४,४२०.०० | ३,९४,४२०.०० |
| ३४ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ४८,५३,०००.०० | ११,६१,५०९.०० | ४,८०,३८४.०० |
| ३५ | कार्यक्रम खर्च | २,५८,६८,०००.०० | १,०७,८१,८५७.०० | १६,५४,४९२.०० |
| ३६ | विविध कार्यक्रम खर्च | ७९,४६,०००.०० | २४,२६,६११.०० | १०,३१,५०५.०० |
| ३७ | अनुगमन, मूल्यांकन खर्च | २४,५०,०००.०० | १२,५४,०२०.०० | ९०,०००.०० |
| ३८ | भ्रमण खर्च | ४,४०,०००.०० | ६०,२५०.०० | ० |
| ३९ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | १,००,०००.०० | ० | ० |
| ४० | विविध खर्च | ४८,५९,१९६.०० | २४,७९,४६७.०० | ४,७८,१२२.०० |
| ४१ | सभा सञ्चालन खर्च | ५,००,०००.०० | ८७,६००.०० | ० |
| ४२ | शैक्षिक संस्थाहरूलाई सहायता | ९०,६१,०००.०० | ५८,९३,५११.०० | ९,०२,५२१.०० |
| ४३ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | २,००,०००.०० | १,५०,०००.०० | ० |
| ४४ | अन्य सस्था सहायता | ७,५०,०००.०० | १,८०,०००.०० | ० |
| ४५ | स्थानीय तहलाइ सःशर्त चालु अनुदान | ४१,८४,०००.०० | १२,८४,७२३.०० | १२,८४,७२३.०० |
| ४६ | अन्य सामाजिक सुरक्षा | ३६,४०,०००.०० | ११,०५,४३०.०० | २,१५,०००.०० |
| ४७ | छात्रवृत्ति | २२,७६,०००.०० | २,५४,५००.०० | ० |

| | | | | |
|---|---|---|---|---|
| ४८ | औषधीखरिद खर्च | ४१,३७,०००.०० | १५,१६,४१०.०० | ० |
| ४९ | अन्य सामाजिक सहायता | १०,००,०००.०० | ० | ० |
| ५० | घरभाडा | ५,००,०००.०० | ३,२०,०००.०० | ९५,२००.०० |
| ५१ | सवारी साधन तथा मेशिनर औजार भाडा | १०,००,०००.०० | ६,००,१००.०० | ६०,०००.०० |
| ५२ | अन्य भाडा | २,००,०००.०० | ० | ० |
| ५३ | आवासीय भवन निर्माण/खरिद | २,५९,५०,०००.०० | ८१,५९,८३३.०० | २५,१७,३३४.०० |
| ५४ | गैर आवासीय भवन निर्माण/खरिद | १,२७,७५,०००.०० | २७,६८,७७४.०० | ० |
| ५५ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ४७,००,०००.०० | २२,०७,१३२.०० | २,२९,००३.०० |
| ५६ | जग्गा विकास कार्य | ५,००,०००.०० | ० | ० |
| ५७ | सवारी साधन | ३०,००,०००.०० | ० | ० |
| ५८ | मेशिनरी तथा औजार | ५०,५०,०००.०० | २१,०६,८३१.०० | ३९,०१०.०० |
| ५९ | फर्निचर तथा फिक्चर्स | १६,००,०००.०० | ३,८९,०५४.०० | ० |
| ६० | सडक तथा पूल निर्माण | ७,३५,७८,०००.०० | ३,५६,५०,२५६.०० | १,४१,१७,६११.०० |
| ६१ | तटबन्ध तथा बाँधनिर्माण | २२,००,०००.०० | १२,३२,५४१.०० | २,८८,२५२.०० |
| ६२ | सिंचाई संरचना निर्माण | ७३,२५,०००.०० | ४५,१५,९२७.०० | १३,६७,३५०.०० |
| ६३ | खानेपानी संरचना निर्माण | ८४,४५,०००.०० | ३०,३४,४६३.०० | ७,३५,५८०.०० |
| ६४ | अन्य सार्वजनिक निर्माण | ५७,७५,०००.०० | ३६,८३,६१५.०० | २२,८६,९१६.०० |
| ६५ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ९,७०,०००.०० | १२,०००.०० | ० |
| ६६ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १०,००,०००.०० | ० | ० |
| | जम्मा | ४५,४८,९४,०९०.०० | २५,५५,६४,६६७.५९ | ४,४२,६४,५००.८३ |

३ आ.व. २०८३।०८४ को बजेट निर्माण प्रकृयामा आवश्यक छलफलका लागि तपसिल अनुसार गर्ने गरी बैठक बस्ने निर्णय गरियो;

तपसिल:

१. मिति २०८३।०३।०८ – नीति तथा कार्यक्रमको विषयमा छलफल
२. मिति २०८३।०३।०९ – बजेटमा छलफल
३. मिति २०८३।०३।०४ – शाखागत र वडागत छलफल

४ यस गाउँपालिकाका लागि अति नै आवश्यक र हालसम्म पनि निर्माण नभएका तथा LGPAS को विभिन्न सूचकहरु पूरा गर्नका साथै कार्यालयको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन देहायका प्रतिवेदन उपर कर्मचारी बैठकले पनि वृहत छलफल गरी स्वीकृतिका लागि यस

कार्यपालिका बैठकमा पेश गरेको हुँदा उक्त प्रतिवेदन उपर आवश्यक छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

देहायः

१. राजश्व सुधार कार्ययोजना
२. लैंगिक समानता र सामाजिक समावेशीकरण परीक्षण
३. स्थानीय आर्थिक विकास योजना
४. सार्वजनिक सुनुवाई कार्यक्रम
५. गाउँपालिका क्षेत्रको भू-उपयोग वर्गिकरण र भू-उपयोग नक्सा अद्यावधिक कार्यः छलफलका लागि पेश गर्ने

५ यस घ्याङलेख गाउँपालिका गाउँसभाको १९ औं अधिवेशन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-४ दफा १९(४) बमोजिम तपसिलको मिति, समय र स्थानमा बस्ने गरी आह्वान गर्ने निर्णय गरियो।

तपसिलः

मितिः २०८३।०३।१०

समयः क. बिहान १० बजे (नीति तथा कार्यक्रम प्रस्तुत),

ख. दिउँसो १ बजे (आ.व. २०८३।०८४ को बजेट प्रस्तुत)

स्थानः गाउँपालिकाको सभाहल

६ यस घ्याङलेख गाउँपालिका वडा नं. ४ स्थित श्री जनजागृति मा.वि. गोपेमा कक्षा ११ को सञ्चालनका लागि अनुमति माग भई आएको हुँदा उक्त विद्यालयमा कक्षा ११ सञ्चालनका लागि उपयुक्त हुने देखिएकोले नियमानुसार अनुमति दिने निर्णय गरियो।

७ यस कार्यालयमा विभिन्न मितिमा आर्थिक सहयोगका लागि पेश भएका निवेदन उपर छलफल गरी देहाय बमोजिम आर्थिक सहयोग गर्ने निर्णय गरियो।

**देहायः**

| क्र.स. | नाम, थर, वडा नं. | रकम रु | आर्थिक सहयोग गर्नुपर्ने कारण |
|---|---|---|---|
| १ | राज कुमार वाईबा, वडा नं.४ | १५,०००।- | हावाहुरीले घर र गोठको छाना उडाएको |
| २ | मुक्ति आ.वि. बोक्से, वडा नं.४ | २०,०००।- | हावाहुरीले छाना उडाएको |
| ३ | ओम कुमारी सुनुवार, वडा नं.२ | १५,०००।- | श्रीमानको मानसिक समस्या |
| ४ | कान्छिमाया वाईबा, वडा नं.३ | १५,०००।- | हावाहुरीले घर र गोठको छाना उडाएको |
| ५ | लालध्वज स्याङ्तान, वडा नं.३ | १५,०००।- | हावाहुरीले घर र गोठको छाना उडाएको |
| ६ | लाल बहादुर वाईबा, वडा नं.३ | १५,०००।- | हावाहुरीले घर र गोठको छाना |

| | | | | |
|---|---|---|---|---|
| | | | | उडाएको |
| | ७ | चन्द्र बहादुर लामिछाने, वडा नं.५ | [illegible]५,०००।- | क्यान्सर रोग |
| | ८ | वल बहादुर मुक्तान, वडा नं.४ | १५,०००।- | एम्बुलेन्स खर्च |
| | ९ | ईलाका प्रहरी कार्यालय, वस्तीपुर | ५०,०००।- | गाडी मर्मत |
| | १० | सन्देश गिरी, वडा नं.१ | २०,०००।- | कुखुरा र भैंसी फार्मको छाना उडाएको |
| | ११ | नेत्रकाली मा.वि. आँपडाँडा रामपुर | ३०,०००।- | ईन्भर्टर जडान गर्न |

| | |
|---|---|
| ८ | **विविध सम्बन्धमा छलफल गर्दा** |
| क | यस घ्याङलेख गाउँपालिकाको कार्यपालिका अन्तरगत गठित विभिन्न विषयगत समितिहरुको बैठक बसी वार्षिक प्रतिवेदन तयार गरी आगामी गाउँ कार्यपालिकाको बैठक मार्फत गाउँ सभाको १९ औं अधिवेशनमा पेश गर्न  सबै समितिलाई जानकारी गराउने निर्णय गरियो। |
| ख | यस घ्याङलेख गाउँपालिकाको कार्यालय र अन्तरगतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई वार्षिक निर्धारित मोटसाईकल मर्मत दरमा आवश्यकता आधारमा फिल्डमा खटिएका र उक्त मोटसाईकलहरु पुरानो भई मर्मतमा धैरै खर्च लाग्ने तथा कार्यालयको काममा धेरै हिड्नु पर्ने हकका लागि आवश्यक्ता र औचित्यताको आधारमा मर्मत खर्च उपलब्ध गराउने निर्णय गरियो। |
| ग | आ.वि. टुनिभञ्ज्याङ, घ्याङलेख-१ मा नि.मा. अंग्रेजी विषय शिक्षक व्यवस्थापनका लागि गाउँ शिक्षा समितिको निर्णय बमोजिम तत्काल गर्ने निर्णय गरियो। |